# नेपाल राष्ट्र बैंक

## मुद्रा व्यवस्थापन विभाग
## बालुवाटारको
## रुपैयाँ ५ दरको नोट चलनचल्तीमा ल्याउने बारेको
## सूचना

यस बैंकले रुपैयाँ ५ दरको साविककै आकार तथा रङ्गमा सङ्केत नं. थ/३४ ०००००१ देखि न/५४ ९९९९९९, "नेपाल सरकारको जमानत प्राप्त यसको रुपैया" भुक्तानी माग्न आएमा नेपाल राष्ट्र बैंकबाट रुपैया" ५ रुपैयाँ पाँच तुरुन्त पाइने छ ।" भन्ने प्रतिज्ञामूलक वाक्यांश सहित देहाय बमोजिमका विशेषताहरु भएको नोट यही २०७७ साल मंसिर १० गतेदेखि चलनचल्तीमा ल्याउने हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>नोटको अग्र भागमा</u> :-**

१. नोटको बाया"तर्फ सगरमाथाको चित्र रहेको ।

२. नोटको दायाँतर्फ लालीगुराँसको पानी छाप रहेको ।

३. नोटमा गभर्नरको दस्तखत रहने स्थानमा गभर्नर महा प्रसाद अधिकारीको दस्तखत रहेको ।

४. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number नेपालीमा वि.सं. २०७६ लेखिएको ।

**<u>नोटको पृष्ठ भागमा</u> :-**

१. नोटको मध्य भागको माथिल्लो खण्डमा अंग्रेजीमा NEPAL RASTRA BANK लेखिएको ।

२. नोटको मध्य भागमा वन्य याक तथा हुम्ला जिल्लाको लिमी क्षेत्रको हिमालको चित्र रहेको ।

३. नोटको तल्लो भागको बोर्डरमा अंग्रेजीमा RUPEES FIVE लेखिएको ।

४. नोटको तल्लो भागको बोर्डरमा नोटको Series Number अंग्रेजीमा 2020 A.D. लेखिएको ।